म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १२० २०८० चैत ७ गते बुधबार 20 March 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

फागु पर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उपमहानगरले निजी विद्यालयको वर्गीकरण र शूल्क प्रस्ताव स्वीकृत गर्न नसक्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले निजी विद्यालयको वर्गीकरण र आगामी शैक्षिक सत्रका लागि प्रस्तावित शूल्क प्रस्ताव स्वीकृतिको प्रक्रिया पूरा गर्न नसक्ने जनाएको छ । कर्मचारी अभावका कारण निजी विद्यालयको वर्गीकरण र प्रस्ताविक शूल्क प्रस्ताव स्वीकृतिको प्रक्रिया पूरा गर्न नसक्ने हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाको निमित्त प्रमुख हरिचन्द्र सापकोटाले जानकारी दिनुभएको छ ।



आगामी शैक्षिक सत्र २०८१ का लागि निजी विद्यालयले भर्ना आव्हान गर्न सुरु गरिसक्दा उपमहानगरपालिकाले भने गैरजिम्मेवार हुँदै विद्यालयको वर्गीकरण र शूल्क प्रस्ताव स्वीकृतिको प्रक्रियामा गम्भीर बेवास्ता गरिरहेको छ । हेटौंडा उपमहानगर क्षेत्रका ४२ वटा निजी विद्यालयमध्ये अधिकांशले आगामी शैक्षिकसत्रका लागि शूल्क प्रस्ताव पेश गरेका छन् । "अधिकांश विद्यालयले शूल्क प्रस्ताव पेश गरेका छन् । केहीले साविककै शूल्क प्रस्ताव गरेको छ भने केहीले थोरै शूल्क वृद्धि गरेर प्रस्ताव गरेका छन् भने केहीले अलि बढी शूल्क प्रस्ताव गरेका छन्", शिक्षा विकास महाशाखाका निमित्त प्रमुख सापकोटाले भन्नुभयो, "जनशक्ति अभावकै कारण हामी विद्यालयको स्थलगत अवलोकन गरेर, मापदण्डका आधारमा विद्यालयको वर्गीकरण र शूल्क निर्धारणको काम गर्न नसक्ने अवस्थामा छौं ।"

हेटौंडा उपमहानगरपालिकाको सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालालाई विद्यालय वर्गीकरण र शूल्क प्रस्ताव स्वीकृति गर्ने विषयमा बुझ्दा उहाँले शिक्षा समितिको संयोजक नगरप्रमुखले आवश्यक समन्वय गर्न नसक्नुभएको, सामाजिक विकास समिति निष्क्रिय रहेको बताउनुभयो । नगरप्रमुखको समन्वयको अभावमा, गैरजिम्मेवारीपूर्ण व्यवहारका कारण कार्यपालिका बैठकमा समेत सहभागी हुन मन नभएको उहाँको भनाइ छ ।

यता अभिभावक भने निजी विद्यालयको विषयमा स्थानीय सरकार जिम्मेवार नभएकोप्रति निराश छन् । अभिभावकका गुनासा, अपेक्षालाई बुझेर काम गर्नुपर्ने स्थानीय सरकारले जनशक्तिको अभावमै नियमनको काम गर्न नसक्ने भनेर भन्नु गम्भीर विषय भएको निजी विद्यालयका अभिभावक रामप्रसाद दाहालको भनाइ छ । निजी विद्यालयको शैक्षिक गुणस्तरको सघन नियमन गर्ने, आवश्यक सुधारका लागि निर्देशन दिने, वैज्ञानिक शूल्क लागु गर्न, गराउन, नगरवासीको आयस्तरका आधारमा अभिभावकमैत्री शूल्क निर्धारणमा स्थानीय सरकारले मिहिनेत गर्नुपर्ने दाहालको भनाइ छ ।

हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले गम्भीर भएर काम गर्न सकेको छैन । शिक्षक, विद्यार्थीको तथ्यांक संकलन, तथ्यांक अद्यावधिक गर्नेतर्फ पनि ध्यान दिन सकेको छैन । चालु शैक्षिक सत्रको समीक्षा र आगामी शैक्षिक सत्रको योजना तर्जुमामा पनि शिक्षा विकास महाशाखाले जिम्मेवारी निर्वाह गर्न सकेको छैन ।

## मकवानपुरको राक्सिराङमा पनि एसईई केन्द्र

समाज संवाददाता

हेटौंडाः शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) का लागि २६ वटा परीक्षा केन्द्र निर्धारण गरेको छ । मंगलबार एक सूचना जारी गर्दै इकाईले परीक्षा केन्द्र निर्धारण गरिएको जानकारी गराएको छ । यस वर्ष मकवानपुर जिल्लाको दुर्गम राक्सिराङ गाउँपालिकामा पनि केन्द्र निर्धारण गरिएको छ ।

राक्सिराङ गाउँपालिकाको प्रजा जागृति माध्यमिक विद्यालयमा परीक्षा केन्द्र तोकिएको छ । प्रजा जागृतिमा राक्सिराङ गाउँपालिकाकै कालिका मावि खैराङ, कालिका मावि राक्सिराङ, राष्ट्रिय मावि, सूर्योदय मावि र मावि देवीटारका विद्यार्थी सहभागी हुनेछन् । प्रजा जागृतिमा २ सय ८१ जना विद्यार्थीले परीक्षा दिनेछन् । मकवानपुर जिल्लाका एक सय २६ विद्यालयका ६ हजार १ सय ६३ विद्यार्थीले एसईईमा सहभागी हुन परीक्षा फारम भरेका छन् । खुलातर्फ ८४ जना परीक्षार्थी रहेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमले जानकारी दिनुभएको छ ।

भीमफेदी कारागारमा एकजना कैदी पनि परीक्षार्थी रहेको बताइएको छ । एसईईका लागि परीक्षा केन्द्रहरुमा उत्तरपुस्तिका पठाउने कार्य भइरहेको छ । चैत १५ गतेदेखि सुरु भएर चैत २७ गते परीक्षा सकिनेछ । परीक्षा बिहान ८ बजेबाट सुरु हुनेछ । साधारणतर्फ सात सय पूर्णाङ्कको परीक्षा हुनेछ भने पूरक परीक्षार्थीले आठ सय पूर्णाङ्कको परीक्षा दिनेछन् ।

## एकैदिन ३ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन ३ जनाको मृत्यु भएको छ । प्रदेशको धादिङ र चितवनमा एकै दिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

धादिङ जिल्लाको गजुरी गाउँपालिका-२, फुर्केखोलामा अचेत अवस्थामा फेला परेका एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा निलकण्ठ नगरपालिका-७, मस्राईछाप घर भई विगत केही वर्षदेखि फुर्केखोला बस्ने ५२ वर्षीय भिम बहादुर परियार रहेको प्रहरीले जानकारी दिएको छ । बजार छेउमा जस्ताले बनाएको सानो घरमा बसी कबाडी बटुल्ने काम गर्दै आएका परियार सोमबार राती ८ बजेको समयमा अचेत अवस्थामा फेला परेका थिए । परियारलाई उपचारका लागि जिल्ला अस्पताल धादिङबेशी लगिएकोमा उपचारको क्रममा राती ९ बजेर ३० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-२, मा जङ्गलमा लागेको आगो निभाउने क्रममा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ५२ वर्षीय थान बहादुर थापा मगर रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार भालुखोप रातामाटी भन्ने जङ्गलमा लागेको आगो नियन्त्रणमा लिने क्रममा लडेर २० मिटर तल खस्दा मगर गम्भिर घाईते भएका थिए । घाइते मगरलाई उपचारका लागि मलेखुस्थित अस्पतालमा लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका-६, रोशिखोलामा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा २६ वर्षीय कान्छामान विक रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार दिउँसो ३ बजेको समयमा खाक्सेवार्का खोलामा पौडी खेल्ने क्रममा विकका डुबी मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## भुटनदेवी माविको अध्यक्षमा नवीन सिग्देल

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा नवीन सिग्देल चयन हुनुभएको छ । मंगलबार विद्यालय व्यवस्थापन समितिको बैठकले सिग्देललाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । वडा प्रतिनिधिको रुपमा विद्यालय व्यवस्थापन समिति सदस्यमा सहभागी हुनुभएका सिग्देल वडा अध्यक्ष समेत हुनुहुन्छ ।



गत पुस २९ गते ५७ औं अभिभावक भेला सम्पन्न भए पनि विद्यालय व्यवस्थापन समिति चयन गर्न सकेको थिएन । २ जना खुलातर्फ १४ जना र २ जना महिलातर्फ २० जनाको उम्मेदवारी परेपछि अभिभावकबाट विद्यालय व्यवस्थापन समिति सदस्य चयन हुन सकेको थिएन । अभिभावक, व्यवस्थापन समितिका सदस्यहरुको अपेक्षा र आफ्नो पनि शैक्षिक क्षेत्रमा सुधार गर्नुपर्ने आवश्यकतालाई महसुस गरेर विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्ने निर्णय गरेको सिग्देलले बताउनुभयो ।

मंगलबार बिहान विद्यालयमा पत्रकार सम्मेलनको आयोजना गरेर व्यवस्थापन समिति चयन भएको विवरण सार्वजनिक गरिएको थियो । विद्यालय व्यवस्थापन समितिमा अभिभावकतर्फबाट कक्षा-११ मा अध्ययनरत विद्यार्थी उमेश तिमल्सिनाका बुबा नारायण तिमल्सिना, कक्षा-१० की विद्यार्थी स्वस्तिका कँडेलका बुबा कृष्ण कँडेल, कक्षा-७ की रिज्ना सदाशंकरकी आमा गोमा सुनार र कक्षा-९ का सक्षम श्रेष्ठकी आमा दिना श्रेष्ठ सर्वसम्मत चयन भएको प्रधानाध्यापक माधवप्रसाद दाहालले जानकारी दिनुभयो । व्यवस्थापन समितिले राजेन्द्र बास्ताकोटी र राधिका चौलागाईलाई सदस्य मनोनित गरेको छ ।

नवनिर्वाचित अध्यक्ष सिग्देलले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आफू क्रियाशील रहने बताउनुभएको छ । आफू समग्र वडाकै शैक्षिक सुधारको अभियानमा रहेको उल्लेख गर्नुहुँदै वडाको शैक्षिक सुधारमा भुटनदेवी माविलाई अगुवा विद्यालयको रुपमा विकसित गर्दै लैजाने उहाँले स्पष्ट पार्नुभएको छ । विद्यालयका पूर्वप्रधानाध्यापक स्वर्गीय डेन्टी जंग शाहको स्मृतिमा १० लाख रुपैयाँको अक्षयकोष स्थापना गरी विपन्न विद्यार्थीलाई त्रवृत्ति तथा शैक्षिक सहयोग गर्ने अध्यक्ष सिग्देलले घोषणा गर्नुभएको छ । १२ कक्षासम्म पठनपाठन हुने भुटनदेवी माविमा दुई हजार तीन सय विद्यार्थी अध्ययनरत छन् ।

## राक्सिराङमा बालविवाह न्यूनीकरणका लागि सचेतना

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा बालविवाह न्यूनीकरणका लागि सचेतता कार्यक्रम भएको छ । मंगलबार जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा वडा नम्बर ६ स्थित सिलिङ्गेमा कार्यक्रम भएको हो ।

कार्यक्रममा बोल्नुहुँदै जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले बालविवाहको अन्त्य गर्न सबैले आफू र आफ्नो घर परिवारबाट सुरु गर्नुपर्ने बताउनुभयो । उहाँले बाल विवाहको अन्त्य गर्न स्थानीय तहहरुलाई बालमैत्री बनाउनुपर्ने बताउनुभयो । बालमैत्री स्थानीय तह भएमा बालबालिकाहरु विद्यालय बाहिर नहुने र बालविवाह कम हुने उहाँको भनाइ छ ।

संविधानसभा सदस्य गोविन्दराम चेपाङले बालविवाहबारे सचेतता कार्यक्रम राक्सिराङमा घर-घरमै पुगेर गर्न आवश्यक रहेको बताउनुभयो । राक्सिराङमा बालविवाहका घटना भइरहेपनि बाहिर नआउने गरेको बताउनुभयो ।

राक्सिराङका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले बालविवाह अन्त्यका लागि सबैले काम गर्न आवश्यक रहेको बताउनुभयो । बालविवाह हुँदा विभिन्न समस्या निम्तिने गरेको उहाँले बताउनुभयो । राक्सिराङमा गत आर्थिक वर्षमा ७० जना बालबालिकामा कुपोषणको समस्या देखापरेको बताउनुभयो ।

कार्यक्रम बागमती प्रदेश मानव अधिकार समितिका सदस्य एवम् बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले सहजीकरण गर्नुभएको छ । उहाँले बालविवाहबारे मुलुकी अपराध संहिता र संविधानमा भएको व्यवस्थाबारे जानकारी गराउनुभयो । उहाँले मकवानपुरमा सन् २०२४ को हालसम्म १४ बाल विवाहका घटना बाल हेल्पलाइनमा दर्ता भएको बताउनुभयो । कार्यक्रममा बागमती प्रदेशसभाका निवर्तमान सदस्यहरु सन्त प्रजा, ओम घलान, जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख सानुकाजी लुइँटेल र सदस्यहरुको उपस्थिति रहेको थियो ।

## हेटौंडा उपमहानगरले नगरप्रहरीसम्बन्धी कानुन बनाउँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले नगरप्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानुन निर्माण गर्ने भएको छ । हेटौंडा उपमहानगरपालिकाको शुक्रबार सम्पन्न नियमित कार्यपालिका बैठकले नगरप्रहरी सञ्चालत तथा व्यवस्थापन सम्बन्धी कानुन निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरेको छ ।

हेटौंडा उपमहानगरपालिकाले सोमबार सार्वजनिक गरेको कार्यपालिका बैठकको निर्णयअनुसार एचआइभी संक्रमित सहयोग सम्बन्धी मापदण्ड-२०७८ को पहिलो संशोधन-२०८० लाई स्वीकृत गर्ने निर्णय गरेको छ । मापदण्डमा गरिएको संशोधनको विषयमा पनि उपमहानगरपालिकाले खुलाएको छैन । यस्तै कार्यपालिका बैठकले उपमहानगरको नीतिअनुरुप आर्थिकरुपमा विपन्नलाई स्वास्थ्य बीमाका लागि पेश भएको नामावली स्वीकृत गर्ने निर्णय भएको जनाएको छ । तर, कति परिवारको स्वास्थ्य बीमा गर्ने भन्ने स्पष्ट पारिएको छैन ।

कार्यपालिका बैठकले भुटनदेवी इन्जिनियरिङ क्याम्पस सम्बन्धन प्राप्त गर्न तथा सञ्चालन गर्न विनियोजन गरिएको ७० लाख रुपैयाँ स्थानीय सञ्चित कोषमा फिर्ता गर्ने निर्णय गरेको छ । उपमहानगरले प्राथमिकतामा राखेको भन्दै हआए पनि इन्जिनियरिङ क्याम्पस सञ्चालनका लागि विनियोजित बजेट फिर्ता लिइएको छ । बैठकमा उपमहानगरको चालु आर्थिक वर्षको हालसम्मको प्राप्त आएको विवरणबारे जानकारी गराइएको थियो । हेटौंडा उपमहानगरपालिकाको आर्थिक शाखाका अधिकारीका अनुसार चालु आर्थिक वर्षमा अनुमानित २६ करोड रुपैयाँ भन्दा बढी रकम कम आम्दानी हुने विवरण प्रस्तुत गरिएको जानकारी दिइएको छ ।

शुक्रबारको कार्यपालिका बैठकले अटो, इ-रिक्सा सवारी साधन सम्बन्धी कार्यविधि-२०८० स्वीकृत गर्ने निर्णय गरेको छ । हेटौंडा-११ मा प्रस्तावित अटो भिलेजसम्म जाने बाटो मर्मत तथा निर्माणका लागि ५० लाख रुपैयाँ बजेटको योजना कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

## सम्पादकीय

# भ्रष्टाचारको अन्त्य आवश्यक

भ्रष्टाचार नेपालको परिचय बनिरहेको छ । भ्रष्टाचारले थिलोथिलो बन्दै गएको र देशमा केही गर्ने वातावरण नै नभएको भन्दै युवा जनशक्ति विदेशिने क्रम बढ्दै गएको छ । प्रत्येक सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नारा घन्काउने गरेको भए पनि भ्रष्टाचार रोक्न सकेको छैन । सार्वजनिक भएका भ्रष्टाचारका काण्डका आरोपी तथा दोषीलाई समेत राजनीतिक संरक्षण दिएर कारबाहीबाट उन्मुक्ति दिँदै आएको छ । सबैजसो राजनीतिक दलका अधिकांश नेता एवम् मन्त्रीहरु नै भ्रष्टाचारका विभिन्न काण्डमा मुछिने गरेको अवस्थामा पनि कारबाही नहुँदा भ्रष्टाचारले प्रश्रय पाइरहेको छ । भ्रष्टाचार अन्त्य गर्ने सबालमा राजनीतिक एवम् बौद्धिक बहस हुने गरेको भए पनि परिणाम सकारात्मक आइरहेको छैन । पछिल्लो समय सुन तस्करी काण्ड, नक्कली भुटानी शरणार्थी काण्ड, ललिता निवास जग्गा अपचलन काण्डलगायतका ठूलो भ्रष्टाचार काण्डमा पनि अधिकांश राजनीतिक नेतृत्वले उन्मुक्ति पाइरहेको सन्दर्भमा भ्रष्टाचारले राजनीतिक संरक्षण प्राप्त गर्ने गरेको आरोप सत्य साबित भइरहेको छ ।

सत्ता गठबन्धनमा परिवर्तन भएर रास्वपा सभापति रवि लामिछाने गृहमन्त्री भएपछि अहिले फेरि भ्रष्टाचारका काण्डहरुले चर्चा पाउन थालेको छ । दोहोरो नागरिकताको विवादले एक पटक गृहमन्त्री र सांसद पदसमेत गुमाइसकेका लामिछानेमाथि अहिले पनि सहकारी ठगी प्रकरणमा संलग्न रहेको आरोप छ । तर, गृहमन्त्री बनेसँगै लामिछानेले भ्रष्टाचारलाई कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन प्रहरीलाई निर्देशन दिएपछि नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा सोमबार पक्राउ परेका छन् । सुन तस्करीसम्बन्धी छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगले महरालाई मुद्दा चलाउन सिफारिस गरेअनुसार कारबाही गर्न गृह मन्त्रालयले प्रहरीलाई निर्देशन दिएपछि महरा पक्राउ परेका हुन् । महराका छोरा राहुल महरा विद्युतीय चुरोट (भेप) मार्फत् भएको सुन तस्करी प्रकरणमा पुर्पक्षका लागि थुनामा छन् । कपिलवस्तुमा पक्राउ गरिएका महरालाई सोमबार नै काठमाडौं ल्याएर ४ दिन हिरासतमा राखी अनुसन्धान गर्न प्रहरीले अदालतबाट अनुमति लिएको छ । तर, महराले आफू अस्वस्थ भएको भन्दै हिरासतमा नबसी नर्भिक अस्पताल भर्ना भएका छन् ।


सोमबारमात्र सत्ता गठबन्धनमा सहभागी ५ दलहको तर्फबाट न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प सार्वजनिक गरिएको छ । संकल्पमा छरितो सेवा प्रवाहसँगै सुशासन शीर्षकमा भ्रष्टाचारीलाई सजाय गर्ने प्रतिबद्धता जनाइएको छ । "सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा" भन्ने धारणा बदल्न "बेइमानी गर्नेले कानुनीरुपमा सजायँ पाउँछ" भन्ने उदाहरण प्रस्तुत हुने गरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायहरुमा जवाफदेहिता सुनिश्चित गर्ने उल्लेख छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता नियामक निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकारसम्पन्न बनाई भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गर्ने संकल्पमा समावेश गरिएको छ ।

भ्रष्टाचार र अख्तियारको दुरुपयोगसँग जोडिएका विषयको छानबिन र अनुसन्धान गरी कुनैपनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीमाथि कानुनी कारबाही अगाडि बढाउने सरकारको साझा संकल्पले सार्थकता पाउनुपर्छ । भ्रष्टाचारी एक दिन कानुनको कठघरामा पुग्नेछ भन्ने विश्वास नेपाली समाजमा स्थापित गर्ने साझा संकल्प व्यवहारमा लागू भएमा विगतका भ्रष्टाचारीले सजाय पाउनुका साथै भविष्यमा भ्रष्टाचार गर्न डराउने वातावरण बन्ने आशा गर्न सकिन्छ । अहिले महरा एकजना पक्राउ पर्दामात्र पनि सरकारले केही गर्ने प्रयास गर्छ कि भन्ने आशा बढाएको छ । विगतका ठूला भ्रष्टाचारका काण्डहरुको थप अनुसन्धान गर्दै भ्रष्टाचारमा संलग्न जोकोहीलाई कानुनी दायरामा ल्याएर भविष्यमा हुने भ्रष्टाचारको समूल अन्त्य गर्न वर्तमान सरकार सफल भएमा नेपालीका लागि सबैभन्दा खुशी मिल्नेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक र सामाजिक काममा सरिक भइएला ।
**वृष** : महत्वकांक्षा नबढाउँदा राम्रो रहने छ ।
**मिथुन** : तुजुक देखाउने कामहरु नगर्दा राम्रै होला ।
**कर्कट** : बन्धुबान्धवहरुबाट काममा पूर्णता ।
**सिंह** : सामाजिक र धार्मिक दायित्व बढ्ने समय छ ।
**कन्या** : प्रयत्नले जीवनशैलीमा परिवर्तन हुने योग छ ।
**तुला** : व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ ।
**वृश्चिक** : पढाइ–लेखाइ ठिकै रहने समय योग छ ।
**धनु** : बन्द व्यापारका काममा सरिक भइने योग छ ।
**मकर** : बौद्धिक र दार्शनिक क्षेत्रका काममा सरिक भइने छ ।
**कुम्भ** : आफन्तको सहयोगले काममा पूर्णता प्राप्त हुनेछ ।
**मीन** : धार्मिक कृत्यका काममा समय व्यतित हुने योग छ ।

# स्ववियुमा एक वर्ष



**अभि मैनाली**

एउटा दुधे बालक जब जन्मन्छ, लड्छ, उठ्छ, हिँड्छ अनि दौडन सिक्छ । कैयौं कैयौं चोटहरुको भोगाईबाट उ जवान बन्न पुग्छ । एउटा अब्बल व्यक्ति बनेर कहलाउँछ । हो यात्रा पक्कै सहज थिएन । हाम्रै क्याम्पस पनि आजको हेटौंडा क्याम्पस कहलाउन कैयौं आँधी-बेहरीहरु छलेर अघि बढेको छ । जसरी एउटा सुन्दर फुल फक्रन्छ, भमराहरु व्याप्त रहन पुग्छन्, रस चुस्न उ स्वयम् फक्रिएर कैयौं अरुलाई फक्राउनको निम्ति देखिएको साहस मननयोग्य हुन्छ । अनि त्यही बीच एउटा माली जसको साहसले सम्भव भएको हुन्छ । त्यसरी नै हाम्रो हेटौंडा क्याम्पसलाई आजको यो स्थानसम्म पुग्न सुरुवाती दिनदेखि साहसका हातहरु अघि बढाउन सदैव तत्पर रहने ती मालीहरुलाई यहिँबाट नमन गर्दछु ।

एउटा विश्वासको फुल फुलाएकोमा तपाईं सम्पूर्ण विद्यार्थीलाई आभार प्रकट गर्दछु । अनि यो सबै शैक्षिक माफियाको जगतमा एउटा सामुदायिक क्याम्पस स्थापना गरेर शिक्षाको ज्योति बानी, काँडै-काँडैको बीचमा पनि सुन्दर अस्तित्व झल्काउन सकिन्छ है भन्ने आत्मविश्वास छर्ने ती सम्पूर्णप्रति आभार व्यक्त गर्दछु । त्यही घाँसहरुको बीच आज स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा बिजयी बनाई मेरो सुन्दर अस्तित्वको फुलको सुवास छर्न योग्य बनाउनु भएकोमा मेरो तर्फबाट पनि एक बर्षको समयमा निम्न अनुसारका केही दृश्यलाई सम्झाउनको निम्ति आफ्ना पत्र पत्र फक्राउने क्रममा स्ववियुको कार्यालय व्यवस्थापन, नयाँ बर्ष २०८० को शुभकामना आदानप्रदान कार्यक्रम, मकवानपुर जिल्लाको सबै क्याम्पसमा निर्वाचित स्ववियुका पदाधिकारीलाई समेटेर नेतृत्व तथा क्षामता विकास तालिम गर्‍यौं ।

विश्व वातावरण दिवसको अवसरमा फोहोर व्यवस्थापन र सरसफाइको जनचेतना फैलाउँदै क्याम्पस परिसर सरसफाइ तथा वृक्षरोपण, जातीय भेदभाव उन्मुलन दिवसको दिन वक्तृत्वकला प्रतियोगिता, निशुल्क निमावि अध्यापन अनुमती पत्र र बैंकिङको तयारी कक्षा संचालन गरेका थियौं भने विभिन्न चाडपर्वको बेला शुभकामना आदानप्रदान कार्यक्रम, होटल म्यानेजमेन्टका लागि प्रयोगात्मक कक्षा निर्माणको पहल, नयाँ प्राविधिक विषयमा पठनपाठन सञ्चालन गर्ने विषयमा क्याम्पस प्रशासनलाई ध्यानाकर्षण गराएका छौं ।

छात्राहरुको महिनावारीको बेला चाहिने सेनिटरी प्याड व्यवस्थापन, विभिन्न रोग पीडितका लागि विद्यार्थी साथीहरुको खाजा खर्च कटाएर थोरै राहतस्वरुप आर्थिक संकलन र सहयोग गरेका छौं । आर्थिकरुपले विपन्न विद्यार्थीलाई पुस्तक, पोशाक निशूल्क उपलब्ध गराउनुका साथै छात्रवृत्तिको व्यवस्था गर्न सफल भयौं । क्याम्पसको भर्ना अभियानमा हामी सहयोगी भूमिकामा रह्यौं । विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायन प्रमाणपत्र प्राप्तिपछि विद्यार्थीलाई पिकनिक तथा अतिरिक्त क्रियाकलाप आयोजना गरिएको थियो ।

क्याम्पसको शैक्षिक सुधारका लागि स्ववियुले नतीजाको विश्लेषण तथा पृष्ठपोषणको प्रयास गर्‍यौं । शैक्षिक अवलोकन भ्रमणकोरुपमा औद्योगिक क्षेत्रको भ्रमण र परियोजना कार्यका लागि स्थलगत सहभागितामा जाने विद्यार्थीलाई सहयोग र समवन्य गर्ने गरिएको छ । क्याम्पस प्रशासनसँग समन्वयमा अनुशासनमा कडाई गर्दै निरन्तर विद्यार्थीहरु आगमन बढाउन र राम्रो नतिजाका लागि तयारी गराउने प्रयास भएको छ । सरस्वती पुजाको अवसरमा मन्दिर सरसफाई, रंगरोगन र पुजा कार्यक्रम गर्नुका साथै क्याम्पसको वार्षिकोत्सवको अवसरमा विभिन्न खेल महोत्सव, फुड फेस्टिभल र साँस्कृतिक कार्यक्रम आयोजना गरिएको छ ।

लागूऔषध सम्बन्धी स्थानीय संघ, संस्थासँग समन्वय गरेर सचेतना कार्यक्रम गरिएको छ । पढ्दै-कमाउँदै र सिक्दै योजना अन्तर्गत विभिन्न स्कुल, बैंकमा इन्टर्न जाने व्यवस्था मिलाउन पनि स्ववियुको भूमिका महत्वपूर्ण रह्यो । हेटौंडा क्याम्पसबाट अध्ययन पूरा गरी सरकारी सेवामा नाम निकाल्ने विद्यार्थीलाई सम्मान कार्यक्रम गर्‍यौं ।

उच्च शिक्षा हासिल गर्न हेटौंडा क्याम्पसलाई रोजेर आउने विद्यार्थीलाई स्वागत र पढाई पूरा गरेका विद्यार्थीलाई बिदाई गर्ने कामलाई परम्पराको रुपमा निरन्तर आयोजना गर्दै आएका छौं । विद्यार्थीको नेतृत्व क्षमता र व्यक्तित्व विकासमा सहयोग पुग्ने गरी अतिरिक्त क्रियाकलाप आयोजना गर्दै आएका छौं । विद्यार्थी, प्राध्यापक र सञ्चालकको एकताबीच हाम्रो आफ्नो नेतृत्वलाई एकजुट भई ऊर्जा शक्ति प्राप्त गर्ने हेतुले सामुदायिक क्याम्पसलाई पनि अरुसँग प्रतिस्पर्धाको जोडमा ल्याउनको निम्ति स्ववियुले नै विद्यार्थी र क्याम्पस प्रशासनलाई जोड्ने सेतुको काम गर्दै आएको छ ।

विद्यार्थीका लागि नै क्याम्पसका नेतृत्वहरुले सोच्नु पर्छ । अहिले सुनेको छु खर्च कटौती गर्ने बहानामा क्याम्पसमा विद्यार्थीले पढ्ने दैनिक समाचारपत्र, पत्रिका रोकियो रे । जुन क्याम्पसको नाममा खाइने चिया, कफि भन्दा सस्तो छ । यो कुरा स्ववियुलाई मान्य छैन । विद्यार्थीको रचनात्मक विकास र जानकारी संकलनमा कमि आउने काम क्याम्पस प्रशासनबाट हुनु भएन । स्ववियुले यस्तो हुन पनि दिने छैन ।

चे ग्वेभारा अनुसार कुनै पनि नेतालाई भगवान जस्तै मान्नुभन्दा पनि हामी सबै मानव जस्तै ठानियो भने त्यहाँ समानता हुन्छ । हामी सबै समान हुन जरुरी छ । यो विचार नयाँ पुस्ता माझ छर्न जरुरी छ । शिक्षा भन्नाले किताबका अक्षरहरुमा मात्रै भविष्य देख्ने मानसिकताबाट अलि माथि उठेर आफ्नो ईच्छाका विधाहरुले पनि एउटा विद्यार्थीको आगामी यात्रा तय गर्छ भन्ने कुराको ज्वलन्त उदाहरण हामी माझ प्रशस्तै भेटिन्छ । तथापि अझै पनि मन-मनमा विश्वास दिलाउन भने अब्बल भइसकेको छैन । यो कुरामा अडीग रहेर सबैको सामु प्रस्ट्याउने कामको थालनी गर्ने काम पनि हाम्रै हातमा छ । हामीले नै नगरे कसले गर्छ भनेर लाग्नुपर्न आवश्यक देखिएकैले स्ववियु हरबखत रचनात्मक काम गर्न तयार रहन्छ ।

जसरी धानको खेतबाट अनावश्यक झारहरु उखालेर फ्याँलिन्छन् त्यसैगरी स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसले विद्यार्थीको सम्पूर्ण शैक्षिक विकासमा रोकावट ल्याउने त्यस्ता झारहरुलाई उखालेर फाल्ने छ र विद्यार्थीको क्षमता अभिवृद्धि गर्ने कार्यलाई स्थापित गर्नेछ । एउटा नेता कस्तो हुनुपर्छ भन्दै विद्यार्थीको आवाज सुन्ने र क्याम्पसको हितको सन्दर्भमा कसैसँग नझुक्ने व्यक्तिले नै एक असल विद्यार्थीको नेतृत्व गर्ने र उसकै नेतृत्वमा कार्य सम्पादन हुनेछ ।

हाम्रा हरेक कार्यक्रम सिकाईका लागि अवसरहरु हुन् । तेजस्वी विद्यार्थीहरुको क्षमता वृद्धिका लागि यो कार्यक्रम अवश्य हाम्रा अनेक कार्यक्रमहरु मध्यको एक कोशेढुङ्गा हो । क्याम्पसलाई नजिकबाट नियाली रहँदा स्ववियुले एउटा यस्तो सेतुको काम गरेको छ जहाँ विद्यार्थीले अभिव्यक्त गर्न नसकेका इच्छा अनि क्याम्पस प्रशासनले चाल्न खोजेको पाईलालाई समेटेर अघि बढेको छ । स्ववियुले विद्यार्थीको मनका गन्थन-मन्थनलाई उच्च कदरको साथ स्थान दिएर सम्बन्धित निकायसम्म पुर्‍याएको कुरा अवगत नै होला । हिजोदेखि आजसम्म अनि आजदेखी भोलिसम्म हर-दिन हर-पल तपाईं विद्यार्थीको मागलाई कार्यान्वयन, समस्यालाई समाधान र गुनासोको सुनवाई गरेको छ र गर्छ भन्ने कुरामा तपाईं विश्वस्त र ढुक्क हुन अनुरोध गर्दछु ।

हिजो चैत्र ५ अर्थात् यहाँहरुले विद्यार्थीमुखी कामका लागि नेतृत्व, जिम्मेवारी, बैधानिकता प्रदान गर्नुभएको एक बर्ष पूरा भएको दिन क्याम्पसको शैक्षिक वातावरण सुदृढ गर्दै विद्यार्थीलाई शैक्षिक, सामाजिक तथा रचनात्मक गतिविधिमा संलग्न गराउने स्ववियुको उद्देश्य अनुरुप निरन्तर लागिरहेका छौं । आगामी थप कार्यक्रमहरु पनि सरोकारवालाको सल्लाह, सुझाव साथ सहयोग, आवश्यकता अनुसार गर्दै जानेछौं । साथै थप साथ सहयोग र सुझावको अपेक्षा राख्दछु । स्ववियु विद्यार्थीसँगै निरन्तर, अविरल, हर पल रहिरहने नै छ ।

# अबको राजनीति यस्तै हो हजुर !



**कृष्णमणि पराजुली**

जनताको अवस्था परिवर्तन गर्न २००७ सालदेखि राजनीतिक परिवर्तन हुँदै आए । समय क्रममा राजनीति परिवर्तन भए पनि जनताको अवस्थामा कुनै परिवर्तन आउन सकिरहेको छैन । नेता र कुलीन वर्गका लागि केही भएको हुन सक्छ तर भुइँमान्छेका लागि 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात'कै बराबर छ । धनी र गरिबको खाडल बढ्दो छ । प्रत्येक नेपालीको शिरमा ८१ हजारभन्दा बढीको ऋणभार थुपारिएको छ । गरिबी बढ्दै गएकाले आम नागरिकको दैनिकी कष्टकर बन्दै गएको छ ।

केही दिनअघि मात्र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली कांग्रेससँगको सत्ता समीकरणलाई फेरि दिए । पछिल्लो १४ महिनामा उनले तेस्रोपटक सत्ता परिवर्तन गरे । सत्ता परिवर्तन गर्नुमा प्रधानमन्त्री 'प्रचण्ड'ले क्रान्तिकारी शक्तिलाई एकताबद्ध गर्न एमालेसँग सहकार्य गर्न आवश्यक भएको सार्वजनिक रूपमा व्यक्त गरेका छन् । कांग्रेससँग सत्ता साझेदारी लामो समयसम्म जान नसक्ने भएकै कारण गठबन्धन तोड्नुपरेको उनको भनाइ छ ।

अहिलेको निर्वाचन प्रणाली पनि त्यस्तै किसिमको छ । सरकार निर्माणका लागि ५० प्रतिशतको सङ्ख्या पुर्‍याउनुपर्छ र यो सम्भव देखिँदैन । त्यसकारण सरकार बनाउन अन्य साना दललाई समेट्नुपर्छ । भिन्न सिद्धान्त, विचार र नीति बोकेका दलहरू एकै ठाउँमा रहेर सरकार चलाउनु त्यति सजिलो छैन तर यही कारण मात्र सरकार फेरबदल भएको होइन । सत्तामा टिकिरहनु र खिइँदै गएको पार्टीलाई बढी क्षति हुनबाट जोगाउनु नै फेरबदलको उद्देश्य देखिन्छ । यस्तो उद्देश्य सबै दलले लिएको देखिन्छ । नेपालको राजनीतिक इतिहासमा यस्ता कुरा भइआएका हुन् । हुन त प्रधानमन्त्रीले यसलाई क्रमभङ्गता भनेका छन्, उनको यस भनाइमा विश्वास गरिहाल्न सकिँदैन ।

माओवादी केन्द्र र नेकपा एमाले लगायत अन्य वामपन्थी दल एकै ठाउँमा आउनका लागि यो नयाँ गठबन्धन बनाएको भनिए पनि त्यसो नहुन सक्छ । किनभने यसभन्दा अघि पनि एमालेसँग सहकार्य भएकै थियो । त्यसलाई निरन्तरता दिएको भए भइहाल्थ्यो तर त्यो किन हुन सकेन । अहिलेको यो गठबन्धन पूरा अवधिसम्म जान सक्छ भन्ने के आधार छ ? हिजोसम्म पाँच वर्षसम्म यही गठबन्धन चल्छ भन्नेहरूले एकाएक किन गठबन्धन परिवर्तन गर्नुपर्‍यो ? आलोपालो नेतृत्व गर्ने भनिए पनि पालो दिन सकस हुँदो रहेछ, राजनीतिमा इमानदारिता भन्ने कुरै नहुँदो रहेछ । त्यसकारण अहिले एउटाले अर्कोलाई धोकेबाज भनिरहेका छन् ।

अहिले बनेको नयाँ समीकरणका कारण शासकीय र प्रशासकीय काम-कुरामा समस्या आउने देखिन्छ । किनभने सङ्घमा आएको फेरबदलले प्रदेशमा असर पर्ने नै हुन्छ । कतिपय प्रदेशमा नयाँ समीकरणबाट सत्ता बन्नेछन् । प्रदेश सरकार निर्माणमा आ-आफ्ना स्वार्थ बाझिँदा दलहरूबिच सत्ताको किचलो सुरु भइहाल्छ । प्रदेश सरकार निर्माण भएपछि पनि प्रशासकीय काम-कुरामा विभिन्न चुनौती आउँछन् । विभिन्न दलले आ-आफ्ना पक्षका कर्मचारी च्याप्ने प्रणालीको अन्त्य नहुने प्रायः निश्चित छ । किनभने विगतदेखि यही भइआएको छ । राम्राभन्दा पनि आफ्नालाई च्याप्ने हुँदा जनतालाई दिनुपर्ने सेवा प्रभावकारी हुने देखिँदैन । यसरी राजनीतिमा परिवर्तन हुँदा विकास निर्माणका कामले पनि गति लिन सक्दैनन् ।


जनमुखी राजनीतिले जनतालाई चुस्तदुरुस्त सेवा उपलब्ध गराउनुपर्ने हो, तर त्यो देखिँदैन । जिल्ला प्रशासन कार्यालयमा हेर्न जानुस्, सेवाग्राहीको कति लामो लाइन देखिन्छ । स्वदेशमा रोजगारी नपाएर विदेश जाने युवाको लाइन देख्दा उराठ लागेर आउँछ । प्रत्येक दिन तीन हजारको हाराहारीमा विदेश पलायन भएको कुरा तथ्याङ्कले देखाउँछ । भारतमा जानेहरूको लेखाजोखै छैन । स्वदेशमा गुणस्तरीय शिक्षा नभएका कारण अध्ययनका लागि विदेश जाने विद्यार्थीको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । विद्यार्थीको भिडले एनओसी दिन सरकार लाई धौ-धौ परेको देखिन्छ । अध्ययन गर्न गएका कतिपय विद्यार्थी उतै बस्ने गरेका छन् । यसरी देशका लागि आवश्यक ऊर्जाशील श्रमशक्ति र शैक्षिक जनशक्ति दुवै विदेश पलायन भएका कारण पहाडमा खेतबारी बाँझो हुँदै गएका छन् । यसरी जनशक्ति पलायन हुँदा देशमा शैक्षिक जनशक्तिको अभाव पनि देखिन थालेको छ ।

जनताले विकास निर्माण कार्य र सेवा-सुविधा पाउनका लागि कर तिरिरहेका हुन्छन् । त्यही करको रकम भ्रष्टाचार हुने गरेका थुप्रै दृष्टान्त छरपस्ट देखिन्छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन हेर्दा कहाली लागेर आउँछ । शासक र प्रशासकबाट सरकारी ढुकुटीको रकम कसरी भ्रष्टाचार भइरहेको छ भन्ने ललिता निवास जग्गा प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण, सुन तस्करी प्रकरणजस्ता केही प्रतिनिधिमूलक काण्डले दर्शाउँछन् ।

लाजमर्दो कुरा के छ भने यस्ता भ्रष्टाचारका मुद्दामा मूलतः उच्च तहका राजनीतिक र प्रशासनिक पदाधिकारी

....बाँकी पृष्ठ ३ मा

# जीवनको मोल



✍सरोजप्रसाद साह

जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ
आँखाको मोल याद आउँछ
जब आँखा कमजोर हुन्छ
बाबाको हात याद आउँछ
जब बाबाको साथ छुट्छ



त्यो बाबाको माया बुझेनौ,
अब किन तिमी रून्छौ
त्यो जीवनलाई किन बुझेनौ
अब किन तिमी रून्छौ



साथीको मोल याद आउँछ
ज्ब साथीको साथ टुट्छ
जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ

तिमीले साथीको अर्थ जानेनौ,
तिमीले मायाको मोलै बुझेनौ
अब नझार कलङ्कित आँसु
तिमीले बुझेर पनि बुझेनौ
पानीको मोल याद आउँछ



जब कोही प्यासले व्याकुल हुन्छ
साथीको मोल याद आउँछ
ज्ब साथीको साथ छुट्छ
जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ
पानीको मोल याद आउँछ

# पानी



✍निर्जला अधिकारी

पानी हो सर्वश्रेष्ठ
सबैको तिर्खा मेटाउने
तिर्खा मात्र भेटाउँदैन यसले
सर्वप्रणालीको ज्यान बचाउने ।

बगेर पानी हिमालदेखि
तराईसम्म पुग्दछ ।
ससाना किटपतंगदेखि
ठूलाठूला जीवनसम्म बचाउँदछ ।

मिलेर थोपा थोपा पानी
एक अनन्त महासमुन्द्र बन्दछ
जीवित राख्न अनेकौं प्राणीलाई
पानीको आवश्यकता पर्दछ ।
दूषित नगरौं कसैले
पानी पिउनुछ हामीले

जिन्दगी बिताउनु छ हामीले
आगोलाई शान्त गराउँछ पानीले
शितल र पवित्र नि बनाउँदछ ।
पानीको स्रोत सफा राखे
सबैको अस्तित्व जोगाउँदछ ।

*कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# मेरो जीवनको लक्ष्य



✍गृष्मा दाहाल


लक्ष्य बिनाको मानिस हुन्न । हरेक व्यक्तिको एउटा लक्ष्य हुन्छ । यदि लक्ष्य बिनाको मानिस हेर बाँदर जस्तै हुन्छ ।

नमस्कार मेरो नाम गृष्मा दाहाल हो । म १२ वर्षको भएँ । म सिद्धार्थ शिशु सदन माविको कक्षा-७ मा अध्ययनरत छु । मेरो जीवनको लक्ष्य डाक्टर बन्ने हो । मेरो डाक्टरको काम बिरामीको उपचार गर्ने हो । डाक्टर बन्न विज्ञान विषय लिएर पढ्नु पर्दो रहेछ । म पनि विज्ञान विषय लिएर पढ्छु अनि परीक्षामा राम्रो अंक ल्याएर डाक्टर बन्न सकूँ भन्ने अपेक्षा राखेकी छु । म गरिब, रोगी, दिनदुखीहरुको पैसा खाएर चिल्ला गाडीमा सयर गर्न सक्दिन । म गरिब परिवारमा जन्मिएर ठूलो सपना बोकेर अगाडि बढेको व्यक्ति हुँ । मैले हजुरबुबा, हजुरआमा, दाजु, भाइ, दिदी, बहिनीको राम्रो उपचार गरेर सबैले मलाई राम्रो डाक्टर गृष्मा दाहाल भनेर चिन्न सक्ने बन्नु छ । म भविष्यमा राम्रो डाक्टर बन्न चाहन्छु । यो सपना मेरो मात्र नभई मेरो परिवार, बुबा, आमाको पनि हो ।

मैले उपचार गरेर आएको पैसा बुबा-आमालाई दिई खुसी पार्न सकूँ भन्ने अपेक्षा राखेकी छु । मैले यो सपना एकदिन पूरा गर्नु नै छ ।


*कक्षा-७, सिद्धार्थ शिशु सदन मावि, हेटौंडा-५*

# चित्रकला





**सम्मान घलान**
**कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**





**सुयोग श्रेष्ठ**
**कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**

# रुख काट्ने कि बचाउने ?



✍दियाश भट्ट

एकादेशमा एउटा गाउँ थियो । त्यस गाउँमा एउटा मानिस बस्थ्यो । उसको नाम कासिम थियो । उ आफ्नो परिवारको कान्छो छोरो थियो । कसिमले बोट, बिरुवा रोप्ने गर्थ्यो । उसको जेठो दाइको नाम कारिम थियो । करिमले रुख काट्दै थियो । सबैले कासिमलाई मन पराउँथ्यो । कारिमलाई चाहीँ कसैले पनि मन पराउँदैन थियो । कारिमले थाहा पायो । उसलेनराम्रो काम गरेकोले कसैले पनि उसलई मन पराउँदैन थियो । त्यसैले उसले त्यस दिनदेखि रुख काट्न छोडेर कासिमसँग रुख, बिरुवा रोप्ने थलो बनाएको छ ।

*कक्षा-१, नवोदय शिशु सदन मावि, हेटौंडा-४*

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

**वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेँलो निभाऔँ । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौँ ।**

**डिभिजन वन कार्यालय, मकवानपुर**




## पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. को

## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सुचना

*सूचना प्रकाशित मिति २०८०।१२।०७ गते*

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सस्थांले उपभोग गरेको ऋणको सांवा, ब्याज र हर्जना रकम तिर्न बूझाउन पर्नेमा हालसम्म नबूझाई ऋण सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत धितोकर्ता एवं संस्थालाइ तिर्न बुझाउनुपर्ने ऋणको साँवा, ब्याज र हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखि ऋण चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले ऋण चूक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने ऋणको साँवा, ब्याज तथा लागेको दैदस्तुरसमेत बूझाउन हुन सम्बन्धित ऋणी संस्था र धन जमानी तथा ब्यक्तिगत जमानीकर्ताहरुलाई सुचित गरिन्छ । सो म्याद भित्र बक्यौदा भएको सम्पूर्ण ऋण रकम चुक्ता भुक्तान नगरेमा ऋण लिदा यस संस्थालाई लेखाईदिएको धितो लिलाम बिक्री गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथमकदाचित धितोबाट असुल उपर हुन नसकेमा वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीहरुको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चल अचल सम्पत्ति वा ऋण लिँदा दृष्टिबन्धकी दिने ब्यक्ती एवं जमानी दिनेका नाममा रहेका चल अचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम धितो बन्धक रहेको सम्पत्ती लिलाम समेत गरी असूल उपर गरी लिने तथा ऋणीलाई कालो सूचिमा समावेश गरीने ब्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**१.तपशिल**

| | | |
|---|---|---|
| **ऋणिको विवरण**<br>नाम : रमा कुमारी खड्का<br>बाबुको नाम : बिर बहादुर खड्का<br>बाजेका नाम : गणेश बहादुर खड्का<br>हालको ठेगाना हेटौंडा-१७, मकवानपुर<br>ना.प्र.नं.: ३६४७ मकवानपुर<br>जारी मिति र जिल्ला: २०४२/१२/२७, मकवानपुर |  | श्री रमा कुमारी खड्काको नाममा श्री मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला साबिक बसामाडि गा.बि.स वडा नं. ७ कित्ता नं.२२८ कोक्षेत्रफल १०-०-१-० (रोपनि) जग्गा र सो ले चर्चेको लिगलगापात समेत |
| **ऋणिको विवरण**<br>नाम :रामहरी अर्याल<br>बाबुको नाम: राम प्रसाद अर्याल<br>बाजेको नाम: पदम प्रसाद अर्याल<br>हालको ठेगाना हेटौडा-०२ मकवानपुर<br>ना.प्र.नं.: २८/२७५<br>जारी मिति र जिल्ला: २०५३/०८/२६ मकवानपुर |  | श्री राम कुमारी अर्यालको नाममा श्री मालपोत कार्यालय हेटौँडामा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला साबिक पदमपोखरी गा.बि.स वडा नं. ५ कित्ता नं. ८६५ को क्षेत्रफल ०-२-०-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत । |

